

# अध्याय -३

## अन्धकारमा ज्योति चम्किन्छ

<u>यस अध्यायका मूल पदहरू:</u> यूहन्ना ८:४४, हितोपदेश २३:२३, प्रेरित २०:२७-३२, २ थेस्सोलिनिकी २:७-१२, भजन ११९:१०५,११६,१३०, १३३, १६०, हितोपदेश १६:२५ र २ कोरन्थी ४:३-६।

***<u>यस अध्यायको मुल सार पद:</u>*** **"येशूले तिनीहरूलाई भन्नुभयो, "अझ अलि बेरसम्म ज्योति तिमीहरूसँग छ। ज्योति तिमीहरूसँग छउञ्जेल हिँड्डुल गर, ताकि अन्धकारले तिमीहरूलाई नढाकोस्। कोही अन्धकारमा हिँड्डुल गर्छ भने, त्यसले आफू कहाँ गइरहेछु, सो थाहा पाउँदैन। जबसम्म ज्योति तिमीहरूसँग छ ज्योतिमा विश्वास गर, र तिमीहरू ज्योतिका सन्तान होओ।" यूहन्ना १२:३५-३६।**

बाइबलको अन्तिम पुस्तक प्रकाशमा सैतानलाई अजिङ्गर र सर्पको रूपमा चित्रण गरेको छ (प्रकाश १२:९)। उ अजिङ्गर हो किनभने उसले परमेश्वरका जनहरूलाई ध्वस्त पार्न चाहेको थियो। उ सर्प हो किनकि उसले मानिसहरूलाई अनेकौं धुर्त दर्शन, विद्या वा छलका कुराहरू गरेर तिनीहरूलाई धोखा दिन चाहन्छ (सर्प आफै सैतान होइन तर सैतानले माध्यम बनाएको मात्र हो जसरी पत्रुसलाई पनि सैतानले प्रयोग गरेको थियो-अनुवादक)। येशू मर्नुभएको केही वर्ष पछि नै हजारौं, लाखौं र अझ करोडौं येशूभक्तहरूको हत्या गरिएको थियो। धेरैलाई निर्मम यातना दिए, धेरैले सिँहहरूको सामु जिउँदै फालिदिए कतिलाई त जिउँदै खम्बामा जलाइ दिए। तिनीहरूमा धेरैले रोमका बादशाहहरूलाई भगवान भनेर पूजा नगरेको कारणले

यातना र मृत्यु भोग्नु परेको थियो। यद्यपि, त्यस कठोर र निर्मम यातना र दण्डमा पनि धेरै येशूभक्तहरूले आफ्ना शिरहरूलाई ठाडो राखेर उहाँमा बफादार भएका थिए। सुसमाचार निरन्तर रूपमा बढ्दै गयो र चर्च पनि बढ्यो।

भौतिक कष्ट दिएर येशूका भक्तहरूको अस्तित्व कमजोर नहुने देखेपछि सैतानले आफ्नो रणनीतिलाई परिवर्तन गर्न थाल्यो। मूर्तिपूजा गर्ने र बाइबलको सत्यमा गहिरो ज्ञान नहुने लाखौं मानिसहरू आवेशको भरमा बप्तिस्मा लिए। तिनीहरूलाई बाइबलीय शिक्षा वा विद्या राम्रोसँग सिकाइएको थिएन। त्यसले गर्दा चर्चमा अनेकौं गलत वा झुटा शिक्षा वा दर्शनका वाढीहरू आए। चर्चमा अगुवाका भूमिका खेल्नेहरूले सत्यलाई स्थानीय लोकप्रिय परम्परा, संस्कृति र चालचलन भित्र्याए। ती तत्त्वहरूलाई बाइबलमा गाभे। चौथौं र पाँचौं शताब्दी त्यो युग थियो जव लोकप्रिय संस्कारसँग बाइबलीय शिक्षासँग सम्झौता वा तालमेल गरिएको थियो। चर्चका अगुवा, पास्टर, फादर, पोप र धर्मगुरुहरूले मूर्तिपूजा गर्ने संस्कार र परम्परालाई इसाई शिक्षादिक्षामा मिलाउन थालेका थिए। इसाईहरूले चर्चका विधिहरूसँग लोकप्रिय विधि वा संस्कारहरूलाई मिलाएर आराधना र सेवाकार्यहरू गर्न थाले।

यद्यपि, त्यस कठिन समयमा पनि परमेश्वरमा सत्यवादी हुने येशूभक्तहरूको बिचमा रहँदै आउनुभएको थियो। येशू नै तिनीहरूको बाटो, सत्य र जीवन भएको तिनीहरूले महसुस गरेपछि पवित्र आत्माको शक्तिले आफ्नो आस्थामा दन्हिलो नै भएर तिनीहरू खडा भएका थिए। सारा राष्ट्र र कठित इसाई धर्मगुरुहरूले नै तिनीहरूलाई अनेकौं दवाव दिएर तिनीहरूको विवेकलाई ध्वस्त पार्न खोजेका थिए। तिनीहरू परमेश्वरमा बफादार नै भएर बसे, तिनीहरूले उहाँको इच्छालाई प्रकट गरिनै रहे, धर्मशास्त्र बाइबलमा आफ्नो आस्था कायमै राखे र परमेश्वरको वचनको सत्यमा अडिग भएर बसे। तिनीहरूको विवेकलाई सैतानले अनेकौं चालबाजी खेल्दै दवाव दिएर सत्यबाट फर्काउन खोजेतापनि तिनीहरू आफ्नो आस्थालाई कायमै राखेका थिए।

***यो अध्याय द ग्रेट कन्त्रोभर्सीको अध्याय ३ मा आधारित छ।***

## १. सम्झौता वा संयोजनः सैतानका धुर्त वा चली रणनीति

**येशूको चरित्रको विपरित सैतानको चरित्र के छ भनेर देहायका दुई पदहरूले कसरी देखाउँछ? "येशूले भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।" यूहन्ना १४:६ र "तिमीहरू आफ्नो**

**पिता दियाबलसका हौ, र तिमीहरूका पिताको इच्छा पूरा गर्ने तिमीहरूको सङ्कल्प छ। त्यो त सुरुदेखि नै हत्यारा थियो, र सत्यसँग त्यसलाई केही वास्ता छैन। किनभने त्यसमा केही सत्य छैन। जब त्यसले झूट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झूटो हो र झूटको पिता हो।" यूहन्ना ८:४४।**

येशू सत्यका स्रष्टा हुनुभएकोले उहाँले जे भन्नु हुन्छ त्यो सत्य हुन्छ। सर्वज्ञानी, सर्वप्रेमी र सर्वबुद्धिमानी परमेश्वरको हृदयबाट नै सत्य उब्जिन्छ। उहाँ वास्तविकता र सबै सत्यको जग हुनुहुन्छ।

त्यसको विपरित सैतान फटाहा हो र सबै फटाहाहरूका पिता हो। परमेश्वरका जनहरूलाई तितरवितर पार्न र भड्काउन सैतानले अनेकौं झुट, छलकपट, गलत सूचना र बाइबललाई दुरुपयोग गरी विकृतिहरू पैदा गर्न सैतान जहिले पनि तयार भइरहेको हुन्छ। सत्यलाई बँग्याएर उसले हव्वालाई धोखा दिएको थियो। परमेश्वरले दिनुभएको आदेशलाई शङ्का गर्न लगाएर उसले ठाडै उहाँको वचनलाई उसले बेवास्ता गर्न लगाएको थियो। फल खाँदा "तिमी कदापी मर्ने छैनौं," भन्ने झुटो वाक्यले हव्वालाई रनभुल्लमा पारेको थियो। परमेश्वरले भन्नुभएको वचनको विपरित मानिसहरूलाई लगाउन सैतानको त्यो कथनले स्पष्ट पार्दछ। शताव्दीयौंसम्म त्यही झुट इसाई र अरू धर्म र संस्कारहरूमा मानिसहरूलाई फसाउने रणनीति सैतानको भइरहेको छ। उसले परमेश्वरको वचनप्रति राख्ने भरोसालाई ठाडै कमजोर बनाइ दिन्छ। परमेश्वरको चाहना र योजना विपरित उ चल्दछ, बाइबलको विद्यालाई अनेकौं विकृति बनाउँछ र समय समयमा बाइबललाई गलत उद्धृत गर्दछ र यो त परमेश्वरकै फाइदाको निम्ति भनिएको वा लेखिएको हो भनेर दुरुपयोग गरी मानिसहरूलाई फसाउँछ।

**देहायका पदहरूमा परमेश्वरको वचनको सत्यताप्रति के समान धारणा छ भनेर तपाईंले पढ्न सक्नुहुन्छ? ती पदहरूको सन्देशको केन्द्रविन्दु के हो? हेर्नुहोस्, "सत्य किन् र त्यो बिक्री नगर्। बुद्धि, अनुशासन र समझदारी प्राप्त गर्।" हितोपदेश २३:२३, "तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो।" यूहन्ना १७:१७ र "३१ येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, "तिमीहरू मेरो वचनमा रह्यौ भने तिमीहरू साँच्चै मेरा चेला हौ। ३२ तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ।"यूहन्ना ८:३१-३२।**

"पवित्र बाइबलले सैतानका धोखा वा छलकपटहरूलाई मानिसहरूले चिन्नसक्छन् र उसको शक्तिको विरुद्ध खडा हुन सक्छन् भन्ने कुरा सैतानलाई राम्रोसँग थाहा थियो। संसारका मुक्तिदातालाई फसाउन र आक्रमण गर्न सैतानले शब्दजाल नै प्रयोग गरेको थियो तर परमेश्वरको वचनलाई नै उपयोग गरेर उहाँले उसको प्रतिरोध गर्नुभएको थियो। प्रत्येक पल्ट उहाँलाई फसाउन खोज्दा उहाँले अनन्त सत्यलाई ढाल बनाएर उसको जाललाई तोड्नुभएको थियो। उहाँले "यो लेखिएको छ" भनेर नै सैतानलाई कायल पार्नु भएको थियो। प्रत्येक पल्ट उहाँको विरोधीले उहाँलाई फसाउन खोज्दा उहाँले परमेश्वरको वचनको ज्ञान, वुद्धि, ज्योति र शक्तिलाई प्रयोग गर्नुभएको थियो। मानिसहरूलाई आफ्नै पक्षमा खडा गराउन, पोपको अधिकारलाई कायम गरिराख्न सैतानले इसाईहरूलाई बाइबलको ज्ञानबाट अलग राख्नै पर्छ भन्ने उसको चाहना हो। बाइबलले परमेश्वरलाई उच्च पार्दछ र मरणशील मानिसलाई उसकै ठाउँमा राख्दछ। त्यसकारण, यसमा भएका पवित्र सत्यहरूलाई लुकाउनै पर्छ र दवाउनै पर्छ भन्ने जाल सैतानको छ। यो तर्क रोमन क्याथोलिक चर्चले अङ्गालेको थियो। सयौं वर्षसम्म इसाईहरूकै माझमा बाइबल वितरण गर्न बन्देज लगाइएको थियो। बाइबल नपढ्न मानिसहरूलाई बन्देज लगाएको थियो। घरमा राख्न पनि मनाही गरिएको थियो। अनैतिक धर्मगुरु वा पादरीहरूले आफ्नै हितलाई समाली राख्न बाइबलका शिक्षालाई आफ्नै तरिकाले व्याख्या गरेका थिए र मानिसहरूलाई बहकावमा लगाएका थिए। त्यसले गर्दा यस पृथ्वीमा पोप परमेश्वरको प्रतिनिधि हो भनेर विश्वव्यापी रूपमा मान्न थालिएको थियो। चर्च र राज्य वा सरकारमा पोपको आधिपत्य छ भनेर मानिसहरूलाई स्वीकार्न लगाएको थियो।"-एलेन जी. ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ५१।

***आज पनि सैतानले परमेश्वरको वचनलाई भ्रष्ट पार्न, विकृति ल्याउन र बँग्याउने प्रयासहरूको बारेमा सोच्नुहोस्।***

## २. बर्बर र जङ्गली इसाई ब्वाँसाहरू

**आफू छुट्टिनुभन्दा अघि एफिससका येशूभक्त अगुवाहरूलाई विशेष चेतावनीहरू दिएका थिए। उनी पछि धेरै कठित इसाईहरूले नै बाइबल र आस्थालाई भ्रष्ट पार्नेछन् भनेर उनले भविष्यवाणी गरेका थिए। हेर्नुहोस्, "२५ "अब हेर्नुहोस्, म जान्दछु कि तपाईंहरूमध्ये सबै, जस-जसलाई मैले राज्यको प्रचार गर्दै हिँडे,**

**तपाईंहरूले मेरो मुख फेरि कहिल्यै देख्नुहुनेछैन। २६ यसैकारण आजको दिन म तपाईंहरूलाई गवाही दिँदछु, कि म कसैको रगतको दोषी हुनेछैनँ। २७ किनभने परमेश्‍वरको समस्त अभिप्राय तपाईंहरूलाई बताउन म पछि हटिनँ। २८ तपाईंहरू आफ्ना निम्ति र आफ्नो समस्त बगालको निम्ति सावधान रहनुहोस्। पवित्र आत्माले तपाईंहरूलाई बगालका जिम्मावाल बनाउनुभएको हुनाले उहाँले आफ्नै रगतले किन्नुभएको परमेश्‍वरका मण्डलीको हेरचाह तपाईंहरू गर्नुहोस्। २९ किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरू तपाईंहरूका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैनन्। ३० तपाईंहरूकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरू उठ्नेछन्, जसले चेलाहरूलाई आफ्ना पछि लैजानेछन्। ३१ यसकारण यो सम्झेर होशियार हुनुहोस्, कि तीन वर्षसम्म दिनरात आँसु बगाउँदै हरेक मानिसलाई मैले चेताउनी दिइरहें। ३२ "अब म तपाईंहरूलाई परमेश्‍वरमा र उहाँका अनुग्रहको वचनमा सुम्पिदिन्छु, जसले तपाईंहरूलाई सुदृढ़ पार्न सक्छ, र पवित्र पारिएकाहरू सबैका बीचमा उत्तराधिकार दिन सक्छ।" प्रेरित २०:२५-३२।**

के आउनेछ त्यसको सामना गर्न चर्च तयार होस् भन्ने उद्देश्यले पावलले चर्चका अगुवाहरूलाई सजग गराएका थिए। माथिका पदहरूमा उनको मुख्य चासो व्यक्त गरिएको छ।

उनले आफ्नो चिन्ता वा चासो यसरी व्यक्त गर्दछन्, "२९ किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरू तपाईंहरूका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैनन्। ३० तपाईंहरूकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरू उठ्नेछन्, जसले चेलाहरूलाई आफ्ना पछि लैजानेछन्।" प्रेरित २०:२९-३०। अर्थात विश्‍वासीहरूले भिषण यातना भोग्नुपर्नेछ र त्यो यातना अरू धर्म वा देशबाट नभएर चर्चमै इसाई भनाउँदाहरूबाट आउनेछ उनले खुलासा गर्दछन्। अत्यन्तै चिन्तित भएर पावलले आफ्नो चिन्ता यसरी व्यक्त गर्दछन्, "तपाईंहरूकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरू उठ्नेछन्, जसले चेलाहरूलाई आफ्ना पछि लैजानेछन्।" प्रेरित २०:३०। परमेश्वरप्रतिको विश्वासलाई भ्रष्ट पार्न चर्चमै अनेकौं धर्मभ्रष्ट तर्कहरू भित्रिनेछन्। परमेश्वरको सत्य वचनलाई झुटो, मानवीय तर्क, संस्कार र विद्याहरूले साट्नेछन्। सनातन सृष्टिकर्ता परमेश्वरको आराधना गर्ने संस्कारलाई साट्न मूर्तिपूजा गर्ने संस्कारहरू भित्रिनेछन्। चौथौं र पाँचौं शताब्दीमा थाहै नपाइकन इसाई चर्चले मूर्तिपूजा गर्ने संस्कार वा

परम्पराहरूसँग सम्झौता गरेका थिए। ती संस्कारहरू चर्चमा बढो चलाकी पूर्ण तरिकाले भित्रिएका थिए। ती संस्कार वा परम्पराहरू पालन गरे वा धर्म गरे मानिसहरू पापबाट मुक्त हुन्छ भन्ने धारणा इसाईहरूको मगजमा घुसाइएको थियो। त्यसको भयानक नतिजा त परमेश्वरका वचनका सत्यहरूबाट ती इसाईहरू अलगिन पुगेको थियो।

**इसाई धर्मकै नाउँमा धर्मभ्रष्ट प्रवृत्तिहरू चर्चमा कसरी भित्रिने छ भनेर पावलले २ थेस्सोलिनिकी २:७-१२मा उल्लेख गरेका थिए। इसाई भनेर भित्रिनै पात्रका के भ्रष्ट चरित्रहरू हुन्छन्? हेर्नुहोस्, "५ के तिमीहरूलाई याद छैन, म तिमीहरूसँग छँदा नै मैले यी कुराहरू तिमीहरूलाई भनेको थिएँ? ६ त्यो आफ्नो समयमा प्रकट होस् भन्ने हेतुले कुन कुराले त्यसलाई अहिलेसम्म रोकिराखेको छ, यो तिमीहरू जान्दछौ। ७ किनकि अधर्मको रहस्यले अघिबाटै काम गरिरहेछ। अहिलेसम्म जसले त्यसलाई रोकिराख्नुभएको छ, उहाँ नहटुञ्जेल त्यसलाई रोकी नै राख्नुहुनेछ। ८ तब त्यस पापको मानिस प्रकट हुनेछ, जसलाई प्रभु येशूले आफ्नो मुखको साससे नाश पार्नुहुनेछ, र उहाँका आगमनको प्रकाशले त्यसलाई नाश गर्नुहुनेछ। ९ शैतानको कामकाजबमोजिम पापको मानिस सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, १० र नाश हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ, किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे। ११ यसैकारण तिनीहरूले झूटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, १२ ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्।" २ थेस्सोनिलिकी २:५-१२।**

अधर्म वा परमेश्वरको व्यवस्थालाई पालन नगर्ने रहस्यमय तत्वले अहिले नै काम गरिरहेको छ भनेर पावलले बताउँदछन्। अहिले त के भनौं पावलकै समयमा परमेश्वरको व्यवस्था र उहाँको वचनको सत्यको खिलाफमा जाने तत्वले विस्तारै काम गरिरहेको थियो। परमेश्वरको वचन र सत्यबाट अलगिने क्रियाकलाप पछिका शताव्दीहरूमा फस्ताएका थिए।

दोस्रो आज्ञाकै विपरित चर्चमै मूर्तिपूजा भित्रिएको थियो। येशूकी आमा मरियमसमेत विभिन्न इसाई सन्तहरूका मूर्तिहरू बनाएर मानिसहरूले पूजा गर्न थालेका थिए। हजारौं वर्षदेखि मूर्तिपूजा गर्ने धर्महरूमा मूर्तिहरूलाई पूजा गर्ने बाहुल्यता थियो। इसाई चर्चमा मूर्तिपूजालाई अङ्गाल्न बाइबलभन्दा बाहिरिय धर्मका देवीदेवताहरूका नाउँहरू परिवर्तन गरेर सन्त भनेर मान्न थालेका थिए।

सूर्य देवतालाई पूजा गर्ने दिन आइतबारलाईलाई चर्चमा भित्र्याएर येशूको पुनरुत्थानको दिन हो भनेर इसाई धर्मगुरुहरूले जनमानसलाई विश्वास गराउन सफल भएका थिए। परमेश्वरको चौथो आज्ञा विपरित मानेको र बाइबलमा अनुमोदन नगरेको आइतबारे आराधना सेवा त्यसबेला मात्र होइन, अहिले पनि लोकप्रिय इसाईहरूका चलिरहेको छ। बाइबल अनुसार यो गलत दिन हो जब हप्ताको सातौं दिन शनिबार वा साबथ दिन परमेश्वरको सक्कली आराधना गर्ने दिन हो।

***आज पनि सबैलाई खुशी पार्नुपर्छ भन्ने बहानामा वाहिरिय संस्कारसँग चर्चमा के के दर्शन वा समझौताहरू भित्रिरहेका छन्? तपाईं आफैले पनि सबैसँग मिल्नुपर्छ भनेर के सम्झौता गरिरहनुभएको छ? सत्यलाई असत्यसँग मिसाएर यो नै सत्य हो भनेर के तपाईंले सावित गर्न खोज्नुभएको छ?***

## ३. परमेश्वरको वचनबाट सुरक्षित राख्नु

धर्मकै नाउँमा चाहे इसाई नै किन नहून् सैतानले ल्याउने धोखाहरूबाट बचाउन येशूले गर्नुभएको प्रार्थनामा र पावलका अन्तर्ज्ञानले हामीलाई कसरी चित्त बुझाउँछ? हेर्नुहोस्, "१३ “तर अब म तपाईंकहाँ आइरहेछु। संसारमा हुँदा यी कुरा म बोल्दछु, कि तिनीहरूमा मेरो आनन्द पूरा होस्। १४ मैले तिनीहरूलाई तपाईंको वचन दिएँ, तर संसारले तिनीहरूलाई घृणा गऱ्यो, किनकि तिनीहरू संसारका होइनन्, जसरी म संसारको होइनँ। १५ तपाईंले तिनीहरूलाई संसारबाट लैजानुहोस् भनी म प्रार्थना गर्दिनँ, तर तिनीहरूलाई दुष्टबाट सुरक्षित राखिदिनुहोस्। १६ तिनीहरू संसारका होइनन्, जस्तो म पनि संसारको होइनँ। १७ तिनीहरूलाई सत्यमा पवित्र पारिदिनुहोस्, तपाईंको वचन सत्य हो। १८ जसरी तपाईंले मलाई संसारमा पठाउनुभयो, मैले पनि तिनीहरूलाई संसारमा पठाएको छु। १९ तिनीहरूका खातिर म आफैलाई पवित्र पार्दछु, ताकि तिनीहरू पनि सत्यतामा पवित्र होऊन्।" यूहन्ना १७:१३-१९ र "३० तपाईंहरूकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरू उठ्नेछन्, जसले चेलाहरूलाई आफ्ना पछि लैजानेछन्। ३१ यसकारण यो सम्झेर होशियार हुनुहोस्, कि तीन वर्षसम्म दिनरात आँसु बगाउँदै हरेक मानिसलाई मैले चेताउनी दिइरहें। ३२ “अब म तपाईंहरूलाई परमेश्वरमा र उहाँका अनुग्रहको वचनमा सुम्पिदिन्छु, जसले तपाईंहरूलाई सुदृढ़ पार्न सक्छ, र पवित्र पारिएकाहरू सबैका बिचमा उत्तराधिकार दिन सक्छ।" प्रेरित २०:३०-३२।

बाइबल अचुक, अकाट्य वा कहिल्यै गलत नगरिने परमेश्वरको इच्चाको प्रकट हो। मानव जातिलाई मुक्ति दिने परमेश्वरको योजनालाई यसले प्रस्तुत गर्दछ। यो स्पष्ट छ, "१६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालीम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।" २ तिमोथी ३:१६-१७। याद गर्नुहोस्, सम्पूर्ण धर्मशास्त्र परमेश्वरको प्रेरणाबाट पाइएको छ भनिएको छ। यसमा केही भाग प्रेरित भएको केही भाग प्रेरित नभएको भन्ने छैन। सम्पूर्ण बाइबल नै परमेश्वरको बचन भनेर स्वीकार गर्नु जरुरी छ। यदि यो धारणामा हामी भएनौं भने सैतानले ल्याउने अनेकौं धोखा र छलहरूको निम्ति हाम्रा ढोकाहरू खुला राखिरहेका हुन्छौं।

परमेश्वरको असिमित र अनन्तको प्रेमलाई बाइबलले स्पष्ट रूपमा प्रकट गरिएको छ। परमेश्वर र सैतानको बिचमा भइरहेको महान् द्वन्द्वमा पनि उहाँको प्रेम छाएको हामी देख्दछौं। सैतानका भ्रष्ट चालबाजी र धोखाहरूलाई पनि बाइबलले भन्डाफोर गर्दछ। सैतानले परमेश्वरको वचनलाई घृणा गर्दछ। शताब्दीयौंदेखि बाइबलको प्रभावलाई क्षतविक्षत गर्न सैतानले भरमग्दुर प्रयास गरिरहेको छ।

बाइबल बिना मुक्तिको योजना हामीलाई कसरी थाहा हुन्छ र? येशूको जन्म र उहाँको जन्मको कारण, उहाँको जीवन, शिक्षादीक्षा र सेवाको बारेमा बाइबल भएन भने हामीलाई कतिको थाहा होला? बाइबल नै भएन वा पढेन भएन येशूको बलिको गहिऱ्याइ, उहाँको पुनरुत्थानको महिमा, उहाँले हाम्रो निम्ति बिन्ति गरिरहनुभएको शक्ति र उहाँको राजकीय पुनर्आगनको बारेमा हामीलाई के ज्ञान होला र?

मानव जीवनलाई अर्थमूलक बनाउन ती सबै निर्णायक सत्यहरूला परमेश्वरको वचनले नै प्रकट गर्छ, सिकाउँछ र ठोकुवा गर्दछ। पवित्र सत्य के हो भनेर जान्न, विश्वास गर्न र त्यसमा लाग्न हाम्रो निम्ति आदर्श पुस्तक केवल बाइबल मात्रै हो। यो नै हाम्रो आस्थाको अन्तिम महान् मापदण्ड हो।

त्यसकारण, इसाई पण्डित, प्रचारक, विद्वान र धर्मगुरुहरू नै किन नहून, बाइबलको प्रेरणाको आधिकारितालाई चुनौति दिनेहरूसँग असमहत हुनु हाम्रो कर्तव्य हो। कतिपयले बाइबलप्रति प्रेम पनि प्रकट गर्छन् तर चलाकी तरिकाले बाइबलको आधिकारिकता र प्रेरणाप्रति सर्वसाधारणहरूलाई ती इसाई

धर्मगुरुहरूले नै शङ्काको बादल घुसाउँछन्। यो दुर्भाग्यपूर्ण छ कि कतिपय आधुनिक बौद्धिक चिन्तक, धर्मविद् वा बाइबल धर्मशास्त्रमा पारख भएकाहरू र इसाईहरूले बाइबललाई मानिसको दर्शन वा सोचविचारको उपलब्धि हो भनेर सिकाउँछन् तर परमेश्वरको वचन नै हो भनेर अस्वीकार गर्छन्। तिनीहरूले यो तर्क गर्छन्, *बाइबल त राजाहरू, गोठालाहरू, माझीहरू, पुजारीहरू, कवी र परमेश्वरप्रतिको धारणा र बुझाइ हुनेहरूका लेखहरू हुन्। तिनीहरूको समयमा तिनीहरूले बुझेका ज्ञान, तिनीहरूको स्थान र ऐतिहासिक पृष्ठभूमिका उत्पदान हुन्* भनेर तिनीहरूले सिकाउँछन्।

साँच्चिकै हो त? यदि बाइबल त्यस समय, परिस्थिति, सोचविचारको उत्पादन मात्रै हो भने हामी एक्काइसौं शताब्दीमा रहेका मानिसहरूलाई अनन्त जीवनको आशाको जग बाइबलमा मात्र छ भनेर हामी कसरी ठोकुवा गर्न सक्छौं र? अहँ सक्दैनौं।

**हाम्रो मुक्तिको योजनामा बाइबलको महत्त्व कतिको छ भनेर भजनसँग्रहका लेखकले दिएका दिव्यज्ञानलाई हामीले कसरी बुझ्ने? हेर्नुहोस् केही पदहरूः "१०५ तपाईंका वचन मेरा गोडाका निम्ति बत्ती, र मेरो बाटोको निम्ति उज्यालो हो।...११३ दोहोरो मन भएका मानिसलाई म घृणा गर्दछु, तर तपाईंको व्यवस्थासँग म प्रेम राख्तछु। ११४ तपाईं मेरो शरणस्थान र ढाल हुनुहुन्छ, मैले तपाईंको वचनमा भरोसा राखेको छु। ११५ हे कुकर्मी हो, मबाट दूर होओ, र मेरा परमेश्वरका आज्ञाहरू म पालन गर्न सकूँ। ११६ तपाईंको प्रतिज्ञाअनुसार मलाई थामिराख्नुहोस्, र म जीवित रहूँ, र मेरा आशाहरू चकनाचूर हुन नदिनुहोस्। ११७ मलाई थाम्नुहोस् र म बाँच्नेछु। तपाईंका विधिहरूलाई म निरन्तर आदर गर्नेछु।...१२७ मैले तपाईंका आज्ञाहरूलाई सुन र निखुर सुनभन्दा पनि बढ़ी प्रेम गरेको, १२८ अनि तपाईंका सबै आदेशहरूलाई सत्य ठानेको कारणले, हरेक झूटो शिक्षालाई म घृणा गर्दछु। १२९ तपाईंका कानूनहरू आश्चर्यपूर्ण छन्, यसकारण म सारा हृदयले ती पालन गर्दछु। १३० तपाईंका वचनको व्याख्याले ज्योति प्रदान गर्छ, त्यसले सीधासादा मानिसहरूलाई समझशक्ति दिन्छ। १३१ म आफ्नो मुख खोल्छु, र तृष्णा गर्दछु, किनकि म तपाईंका आज्ञाहरूको प्यासी छु।...१३३ तपाईंको वचनअनुसार मेरा पाइलाहरू स्थिर गरिदिनुहोस्, र कुनै पापले ममाथि राज्य गर्न नपाओस्।...१६० तपाईंका सम्पूर्ण वचनहरू सत्य छन्, र तपाईंका सबै धार्मिक नियमहरू अनन्तका छन्।" भजन ११९:१०५, ११३-११७, १२७-१३१, १३३ र १६०।**

## ४. बाइबलभन्दा बाहिर रहेर गर्ने मानवीय सिद्धान्त, वाद वा तर्कहरू

मानिसको दिमाग र विवेकद्वारा पवित्र आत्माले काम गर्नुहुन्छ। सारा जगत ब्रम्हाण्ड वा नक्षेत्रका रहस्यहरूको खोजनीति गरेर अध्ययन गर्न उहाँले हामीलाई आह्वान गर्नुहुन्छ। एक जनाले व्यक्त गरेको यो भनाइ उपयुक्त छ, "हामी इसाईहरू भएको हैशियतले हाम्रा दिमाग वा मगजलाई चर्चको ढोकामा जाँच्दैनौं।" तैपनि मानिसका शानदार तर्क वा वौद्धिक क्षमताले मात्र बाइबलमा भएका सत्यहरूलाई पत्ता लगाउन असमर्थ छ। सत्य भनेको मानवीय विचार वा तर्कले थाहा पाउने होइन। यो त परमेश्वरको प्रकट हो।

**सैतानको धोखाबजी चालाको रणनीतिलाई बाइबलले कसरी सही रूपमा प्रकट गर्दछ? हेर्नुहोस्, "कुनै बाटो मानिसको नजरमा ठीक देखिएला, तर अन्त्यमा त्यसले मृत्युमा पुऱ्याउँछ।" हितोपदेश १६:२५, "ती दिनमा इस्राएलमा कुनै राजा थिएन, र हरेक मानिसले आफ्नो दृष्टिमा जे ठीक लाग्यो त्यही गर्दथ्यो।" न्यायकर्ता २१:२५ र "हामी सबै भेड़ाझैं बरालिएका छौं। हामी हरेक आफ्नै बाटोतिर लागेका छौं, र परमप्रभुले उसमाथि हामी सबैको अधर्म हालिदिनुभएको छ।" यशैया ५३:६।**

परमेश्वरको सदिच्छा वा चाहनाहरूलाई थाहा पाउन वा बुझ्न पवित्र आत्मा र परमेश्वरको वचनको सहयोग लिन आवश्यक छैन भन्ने तर्क, विद्या वा दर्शन सैतानको प्रभावकारी धोखा दिने रणनीति हो। मानिस वौद्धिक प्राणी भएकोले उसको दिमागको शक्ति नै पर्याप्त छ भनेर र उसलाई परमेश्वरको आवश्यक छैन भन्ने गलत धारणाले मानिसहरूलाई सैतानले फसाइरहेको छ। विना प्रार्थना, विना आस्था विना परमेश्वरको वचनमा चल्दा सबै थोक ठिक नै हुन्छ भनेर देखिएला। सारा संस्कार, संस्कृति, सभ्यता, रहननसहन र जीवन शैली हाम्रो सामु ठिकै देखिएला तर परमेश्वरको नजरमा ती एकदम गलत हुन सक्छ।

केही वर्ष अघि मेरी श्रीमती र म जङ्गलको छेउमा रहेको होटेलबाट बाहिर निस्केर घुम्न गएका थियौं। रात बिताउन हामी त्यो होटेलमा थियौं। कहाँ जाने भन्ने कुरामा मलाई प्रायजसो थाहा हुन्छ। हामी एक घन्टा जङ्गलमा हिंड्यौं। हामीलाई थाहा थियो कि हामी सजिलैसँग होटेमा फर्किनेछौं। तर हामी त जङ्गलमा हराउन पो पुगेछौं। घाम झुल्किसकेको थियो। भाग्यवस हामीले जङ्गल घुम्ने केही मानिसहरूलाई भेट्यौं। तिनीहरूले हामीलाई ठिक बाटो देखाउँदा हामी आभारित भयौं। हामी त मुल सडकबाट पाँच माइल वा

सात किलोमिटरबाट टाढा रहेछौं। त्यहाँ सडकमा कारहरू पार्क गरीराखेकोले केही मानिसहरूले हामीलाई हाम्रा होटेलमा पुऱ्याइ दिए। हामी कुन बाटो जानुपर्छ भनेर कसैले देखाउँदा र हामीलाई गन्तव्य स्थानमा पुऱ्याउँदा हामीलाई धेरै सहज भएको थियो।

पृथ्वीबाट स्वर्गमा यात्रा गर्न परमेश्वरले हामीलाई एक्लै छोड्नुभएको छैन। पवित्र आत्माले पवित्र धर्मशास्त्रलाई औँल्याएर हामीलाई स्वर्गको घरमा पुऱ्याउन चाहनुहुन्छ। के सत्य हो के असत्य हो, के ठिक र के बेठिक, के असल र के खराब भन्ने केवल परमेश्वरको वचनको आत्मज्ञानमा मात्रै सही रूपमा थाहा हुन्छ। जुन बाटो परमेश्वर र उहाँको वचनको खण्डन गर्छ वा वचनसँग मेल खाँदैन त्यो हाम्रो जीवनको निम्ति जहिले पनि खतरा भइरहेको हुन्छ। प्रत्येक चालमा परमेश्वरको सत्यता र हितसँग तालमेल छ कि छैन भन्ने ज्ञान हामीमा हुनु जरुरी छ। त्यसकारण, सत्य र नैतिकतालाई पहिल्याउने मार्ग हाम्रो निम्ति बाइबल नै हुनु पर्छ भन्ने जिकिर गर्नु अत्यन्तै जरुरी छ। हाम्रो जीवनको लक्ष्यलाई परिचालित गर्न आधिकारिक नीति नै बाइबल हुनुपर्दछ।

***पवित्र आत्माको सहायता बिना सत्यलाई पत्ता लगाउन वा बुझ्न केवल मानवीय दिमाग किन असमर्थ छ? परमेश्वरको प्रकाश वा आत्मज्ञान र मानवीय तर्क र दर्शनहरूको बारेमा सोच्नु होस्। हाम्रो तर्कले परमेश्वरको दिव्यज्ञानलाई बुझाउन पनि सकिँछ भन्ने कुरालाई सोच्नुहोस्। दानिएल २ मा बेबिलोनदेखि युगको अन्तसम्म विश्व इतिहासको भविष्यवाणी कोरिएको छ। यस खालको भविष्यवाणीले मानवीय तर्कलाई कसरी प्रभावित पार्न सक्छ?***

## ५. दिमागमा हुने अन्तर्द्वन्द्वहरू

२ कोरन्थी ४:३-६मा पावलले लेख्दछन्, "३ हाम्रो सुसमाचार घुम्टोले ढाकिएको भए तापनि यो नष्ट हुनेहरूका निम्ति मात्र घुम्टोले ढाकिएको छ। ४ तिनीहरूका विषयमा भनौं भने ख्रीष्ट, जो परमेश्वरको रूप हुनुहुन्छ, उहाँको महिमाको सुसमाचार तिनीहरूले नदेखून् भनेर यस संसारको देवले अविश्वासीहरूको समझलाई अन्धो तुल्याइदिएको छ। ५ हामी आफ्नै प्रचार गर्दैनौं, तर येशूको खातिर हामी तिमीहरूका दास भएर, येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भनी प्रचार गर्दछौं। ६ जुन परमेश्वरले “अँध्यारोबाट ज्योति चम्कोस्” भन्नुभयो, उहाँ हाम्रा हृदयमा चम्कनुभएको छ, ताकि परमेश्वरका महिमाको

**ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस्।" मानिसहरूका आँखाहरू कसरी अन्धा भए? ती आँखाहरू कसरी खोल्न सकिन्छ?**

यहाँ लेखिएको "समझ" वा दिमागलाई ग्रीक भाषामा नोइमा noema हो। यसको अक्षरस अर्थ हो हेर्ने दृष्टिकोण, धारणा वा मानसिक क्षमताहरू हुन्। एसडिए कमेन्टरीले यस पदलाई उज्यालो यसरी पार्दछः "ख्रीष्ट र सैतानमा भइरहेको युद्ध मानिसहरूका दिमागहरूमा चलिरहने अन्तर्द्वन्द्व हो। (रोमी ७:२३,२५, १२:२, २ कोरन्थी ३:१४,११:३, फिलिप्पी २:५, ४:७,८)। मानिसहरूका दिमागलाई अन्धो बनाउने नीति नै सैतानको हो। परमेश्वरको वचनलाई ध्यान दिन नलगाएर वा अध्ययन गर्न नलगाएर सैतानले मानिसहरूलाई अन्धकारमा राख्दछ। शरीर, आवेश र भावानामा बढी ध्यान दिन लगाएर दिमाग वा वौद्धिक क्षमतालाई कमजोर पारेर र बाइबलको बारेमा अपमानजनक धारणहरू दिमागमा भित्याएर बाइबल नपढ्न सैतानले प्रयास गर्दछ। यस जीवनकै धन्धा र सुर्तामा उसले मानिसहरूलाई डुवाइ राख्छ। मानिसहरूको अहंकार र आफ्नो भाउ खोज्ने प्रवित्तिलाई उचाली राखि बाइबल पढ्न आवश्यक छैन भनेर सैतानले मानिसहरूलाई ढकेलीरहेको छ।" ठेली ६, पृ. ८५४।

कतिपय मानिसहरू आत्मज्ञानलाई गुमाइरहेका छन्। तिनीहरूले थाहा नपाउन सक्ने त होइन तर थाहा पाउन चाहँदैन। सबै थोक गर्न तिनीहरू फुर्सद छ तर बाइबल पल्टाउन र त्यसबाट पाउने ज्ञानज्योति बुझ्न तिनीहरूको फुर्सदै हुँदैन। सत्यलाई थाहा पाउने तिनीहरूले धेरै अवसरहरू पाइ रहेका हुन्छन्। तर सत्यलाई विश्वास गर्न नचाहने मानिसहरूका आँखाहरूले सैतानले अन्धो बनाइ राखेको हुन्छ। सैतानको राज्य नै अन्धकारको राज्य हो। *एसडिए बाइबल कमेन्टरी*ले यो थप्दछ, "सैतानको दैत्य चालबाजी र धोखाहरूको भन्डाफोर गर्ने केवल सुसमाचार मात्रै हो। अन्धकारबाट ज्योतिमा मानिसहरूलाई ल्याउने उपाय केवल सुसमाचार मात्रै हो।"-ठेली ६, पृ. ८५४। नयाँ करारको सन्देशको मुल सार नै येशूको जीवन, मृत्यु र पुनरुत्थान हो। सुसमाचार र बाइबलको मुटु वा केन्द्रविन्दु नै येशू हुनुहुन्छ। सबै धर्मशास्त्रले उहाँको गवाही दिन्छ (यूहन्ना ५:३९)।

**येशूको बारेमा देहायका पदहरूले के वर्णन गर्दछ? विशेष गरेर यूहन्ना १:१४मा ध्यान दिनुहोस्, "१ आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। २ उहाँ आदिमा परमेश्वरसँग**

हुनुहुन्थ्यो। ३ सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन। ४ उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो। ५ त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन। ६ परमेश्वरबाट पठाइएका एक जना मानिस थिए, जसको नाउँ यूहन्ना थियो। ७ उनीद्वारा सबैले विश्वास गरून् भनेर त्यस ज्योतिको गवाही दिन उनी साक्षी भई आए। ८ उनी आफै त्यो ज्योति थिएनन्, तर त्यस ज्योतिको गवाही दिन आए। ९ हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदैहुनुहुन्थ्यो। १० उहाँ संसारमा हुनुहुन्थ्यो, संसार उहाँद्वारा बनियो, तापनि संसारले उहाँलाई चिनेन। ११ उहाँ आफ्नै मानिसहरूकहाँ आउनुभयो, तर उहाँका आफ्ना मानिसहरूले उहाँलाई ग्रहण गरेनन्। १२ तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो। १३ तिनीहरू रगतद्वारा, शारीरिक इच्छाद्वारा, र कुनै मान्छेको इच्छाद्वारा होइन तर परमेश्वरबाट जन्मिएका हुन्छन्। १४ अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं, जुन महिमा पिताबाट आउनुभएको एकमात्र पुत्रको जस्तो थियो।" यूहन्ना १:१-१४।

अन्धकारमा चम्किने केवल येशू मात्रै हुनुहुन्छ भनेर प्रथम् शताब्दीको इसाई चर्चले विश्वास गरेको थियो। नयाँ करारका इसाईहरूले येशू नै ज्योति हुनुहुन्छ भनेर विश्वास गरी उहाँलाई पक्रि राख्न तिनीहरू पूरै समर्पित थिए। उहाँको अनुग्रहले तिनीहरूले मुक्ति पाएका थिए, उहाँको शक्तिले तिनीहरूलाई परिवर्तन गरेको थियो र उहाँको प्रेमले तिनीहरू परिचालित थियो। येशूप्रतिको बफादारीतालाई तिनीहरूलाई कुनै पनि यातना र अझ मृत्युले पनि तोड्न सकेको थिएन। सैतानको चालबाजी र धोखा दिने नीति तिनीहरूले सुसमाचारको महिमित ज्योतिले उदाङ्ग पारेको तिनीहरूले महसुस गरेका थिए। सत्यको लागि येशूको अनुग्रहले विरतापूर्वक उभिने पुरुष र महिलाहरू येशूका निम्ति खडा हुनेहरू सधैं थिए। ती सुरुका शताब्दीहरूमा ख्रीष्टको प्रेम, अनुग्रह र सत्य अन्धकारबाट चम्केका थिए।

उपसंहारः

**थप जानकारीः "प्रत्येक** युगमा सत्यको घृणा गर्ने र विरोध गर्न परमेश्वरका शत्रुहरूले प्रेरित गरिरहेकाछन्। येशूका सेवकहरूले सतावटको समयमा देखाएको विरता अहिले पनि आवश्यकता छ। सैतानले उहाँका जनहरूलाई आक्रमण ल्याउँछ भनेर तिनीहरू जहिले पनि सतर्क हुनु पर्छ र येशूप्रति बफादार भइरहनु आवश्यक छ। प्रथम शताब्दीहरूमा येशूका भक्तहरूमा भएका भक्ति अहिले पनि उहाँका जनहरूमा हुनै पर्दछ। येशूले आफ्ना प्रथम चेलाहरूलाई सुनाउनु भएको वचन युगको अन्तमा रहने उहाँका भक्तहरूलाई पनि लागु हुन्छः "जे म तिमीहरूलाई भन्दछु त्यो म सबैलाई भन्दछु, 'जागा रहो।" मर्कूस १३:३७।-एलेन जी. ह्वाइट, *द ग्रेट कन्त्रोभर्सी*, पृ. ५६,५७।

यस संसारका धेरै देशहरूमा बाइबल किन्न र पढ्न स्वतन्त्र छ। तर बाइबलप्रति आकर्षण नगराउन र त्यसप्रति प्रभावित कमजोर पार्न सैतानले धेरै रणनीति र उपायहरू प्रयोग गरिरहेको छ। विज्ञानका विभिन्न प्रयासहरू र इसाई भनेर दावी गर्ने विद्धानहरूले नै बाइबलको उपादेयितालाई न्युनिकरण गरिरहेकोछ। यदि ती वैज्ञानिक र बाइबलका चिन्तक तर सत्यलाई थिच्नेहरूको लहै लहैमा हामी लाग्यौं भने बाइबल परमेश्वरको वचन हो भन्ने हाम्रो आधिकारिक मान्यतालाई शिथिल पार्दछ। दानिएलको पुस्तक येशू जन्मिनुभएको ५०० वर्ष अघि लेखिएको भएतापनि बाइबलका कतिपय विद्वानहरूले यो ई.पू. २००तिर मात्र लेखिएको भनेर दावी गर्दछन्। यो त्यसैबेला मात्र लेखिएको हुनुपर्छ नत्र भने अगमवक्ताले भविष्यवाणी ठिक तरिकाले गरेका हुन् भन्ने ठहर्छ, तर यो हुनै सक्दैन भनेर तिनीहरूले सिकाउँछन्। त्यसकारण, बाइबलले भनिएको समयमा नै दानिएलले आफ्नो पुस्तक लेखेको होइन तर उनको मृत्युको सयौं वर्ष पछि लेखिएको हो भनेर तिनीहरूले विवाद गर्छन्। दुर्भाग्यवस, दानिएलको मामिलामा मात्रै होइन बाइबलका धेर विषयवस्तुहरूलाई बाइबलकै विद्वान भनाउँदाहरूले गलत व्याख्या गरेर हामीलाई फसाउन खोज्छन्।

आइतबारकै मामिलामा धेरै धुरन्धर इसाई र बाइबलका विद्वान, प्रचारक, पास्टर वा पण्डितहरूले यही दिन ठिक हो र साबथ मान्नु आवश्यक छैन भने सिकाइरहेकाछन्। दुर्भाग्यवस, धेरै मानिसहरू तिनीहरूले सिकाएका गलतहरूलाई स्वीकार गर्दछन् किनभने बाइबलकै शिक्षाविदहरूले सिकाइरहेका छन्। त्यसकारण, पावलले दिएका चेतावनीलाई हामीले मनन गर्नु अति आवश्यक छः " १९ पवित्र आत्मालाई ननिभाओ। २० अगमवाणीलाई तुच्छ नठान। २१ सबै कुराको जाँच गर। जुन कुरा असल छ त्यसैमा दृढ रहो। २२ सबै किसिमका खराबीबाट अलग बस।" १ थेस्सोलिनिकी ५:१९-२२।

**चिन्तनमननः**

अ. बाइबलको आधिकारितालाई सैतानले कसरी दमन गरिरहेकाछन् त्यसको बारेमा सोच्नु होस्।

आ. बाइबलको गलत व्याख्या नहोस् भनेर हामीलाई सुरक्षा दिने सबभन्दा महान् सुरक्षा कवच के हो?

इ. असल र खराबको बिचमा भइरहेको महान् भिषण द्वन्द्वमा परमेश्वरको चरित्रमा हिलो फ्याक्ने सैतानको मुख्य रणनीति हो। उहाँ निरङ्कुस र प्यार नगर्ने शासक हुनुहुन्छ भनेर परमेश्वरलाई सैतानले आरोप लगाएको छ। विभिन्न खराब तत्त्वहरूले सैतान ठिक हो भनेर देखाउन कसरी प्रयास गरिरहेको छ। त्यसको जवाफ परमेश्वरको के हो?

ई. मानिसले जथाभावी आफ्नै तरिकाले भविष्यवाणीको व्याख्या गर्नुहुँदैन भनेर पत्रुसले जिकिर गर्दछन् (२ पत्रुस १:२०)। हाम्रो आफ्नै फाइदाको निम्ति बाइबललाई नबङ्ग्याउन कसरी  निश्चित हुने? यस खालको चलनबाट हामी कसरी सुरक्षित हुने? बाइबलकै विद्वान, पास्टर र प्रख्यात प्रचारकहरूले बाइबलका सत्यहरूलाई बङ्ग्यायतापनि त्यसमा हामी नफस्न हामी कसरी सुरक्षित हुने?

## कथा ३
## परमेश्वरमा बफादारी विद्यार्थी

युरोपको इटाली देशका सार्वजनिक स्कुलहरूमा हप्ताको एक घन्टा बाइबलको सिकाउने कक्षामा जान सहुलियत थियो। त्यो कक्षामा जान कसैलाई पनि कर गरिन्दैनथ्यो। सारा सानी भएतापनि त्यस कक्षामा भाग लिन उत्सुक भएकी थिइन्। उनले बाइबलको बारेमा सिक्न चाहेकी थिइन्।

उनकी कक्षाका साथीहरूले थाहा पाएकि सारालाई बाइबलको बारेमा राम्रै थाहा छ। त्यसकारण, जब शिक्षिकाले बाइबलको बारेमा प्रश्न गर्थे, ती साथीहरूले जवाफ दिन्थे, "सारालाई जवाफ थाहा छ!। यो विद्यार्थीहरूले धेरै पटक सुनाएकोले एक दिन शिक्षिकाले सारालाई सोधिन्, "तिमीलाई बाइबल कस्तो राम्रोसँग जानेको रहेछ। तिमीले कसरी सिक्यौ?" "म सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा जान्छु," साराले जवाफ दिइन्। त्यो सुनेर शिक्षिका एडभेन्टिस्टको बारे जान्न चाहिन् र एक दिन सारासँग चर्चमा गइन्।

सारा कक्षा छमा पढ्दा बाइबल सिकाउने नयाँ शिक्षिका पाएकी थिइन्। साराले शिक्षकका प्रश्नहरू जवाफ दिएकीले उनी प्रभावित भएर एक दिन कक्षामा एडभेन्टिस्ट चर्चको बारेमा एक घन्टा प्रस्तुत गर्न समय दिइन्। आफ्नो पास्टर र चर्चका अगुवाहरूको सहायताले साराले एडभेन्टिस्ट चर्चको बारेमा प्रस्तुत गरिन्। उनको प्रस्तुत पछि उनका कक्षाका साथीहरूले उनलाई सेभेन्थ-डे साबथको बारेमा प्रश्नहरूको वाढी खन्याए।

आज, सारा हाइस्कुलमा पढ्छिन्। उनलाई बाइबल सिकाउने शिक्षिका इसाई भिक्षुणी हुन् परिक्षाको समयमा बाइबलका पदहरू लेख्न त्यस भिक्षुणीलाई सहयोग गरिन्। अरू साथीहरूले बाइबलको बारेमा कमै थाहा थियो। भिक्षुणीले सारालाई बाइबल कसरी थाहा भयो भनेर सोध्दा आफ्नो आस्थाको बारेमा सुनाएकी थिइन् र पछि ती भिक्षुणी उनको चर्चमा गइन्।

अर्को हाइस्कुल कक्षामा साराले इटालीमा भएको धर्मको बारेमा जवाफ दिन नसक्दा शिक्षिका रिसाइन्। आफू इटालीको सबभन्दा ठुलो सम्प्रदाया रोमन क्याथोलिक चर्चको सदस्य नभएकोले त्यस चर्चको बारेमा जवाफ दिन आफू असमर्थ भएको बताइन्। शिक्षिकाले सारालाई धेरै प्रश्नहरू गरिन्। अनि एक दिन एडभेन्टिस्ट चर्चको बारेमा कक्षामा प्रस्तुत गर्न अऱ्हाइन्। साराले गरेकी प्रस्तुतिमा शिक्षिका खुशी भइन्। उनले भनिन् "अरू चर्चको बारेमा कक्षामा सिक्नु अत्यन्तै असल छ।"

अर्को वर्ष शनिबारमा त्यही शिक्षिकाद्वारा कक्षा लिएकी थिइन्। तर सारा गइनन्। शिक्षिकाले उनलाई आउन धेरै कर गरिन्। जब उनी गइनन्, शिक्षिकाले उनलाई जिस्क्याइन्। "स्कुलमा आउनु। तिमी स्कुलमा आएको हामीले कसैलाई भन्दैनौं। म पनि स्कुलमा आउनुको सट्टा घरमै बस्न मनलाग्छ," भनेर शिक्षिकाले उनलाई जिस्क्याइन्। तर उनलाई छक्क पर्ने गरेर उनका साथीहरूले उनको पक्षमा बोले।

एक साबथ सारा चर्चमा थिइन् तब शिक्षिकाले उनका कक्षाका साथीहरूलाई सुनाइन्, शनिबार सारा कक्षामा नआएतापनि तिमीहरूले भन्दा राम्रो मार्क उनले ल्याउँछिन्।"

आफ्नो विश्वासलाई खुलाएकोमा परमेश्वरले उनलाई आशिष दिनुभएको भनेर उनले विश्वास गर्छिन्।

"मेरा साथी र आफन्तहरूबाट मैले मेरो विश्वासलाई कहिल्यै पनि लुकाइँन। मेरा साथीहरूले मलाई आदर गर्छन् र तिनीहरूलाई थाहा छ मेरो विश्वासमा अडिग छु," साराले एडभेन्टिस्ट मिशनलाई सुनाइन्।

-आन्ड्र्यु मेकचेस्नी